# विनायक कलेज अफ हेल्थ साइन्स

## बत्तिसपुतली- ९ काठमान्डौं

विषय : नेपाली तह : प्रविणता प्रमाणपत्र प्रथम वर्ष

कार्यक्रम : ☐सामान्य चिकित्सा/ ☐ल्याब/ ☐फार्मेसी/ ☐फिजियोथेरापी

नाम :........................................................................ रोल्न नं. :................

समूह "क"

बहुवैकल्पिक प्रश्नहरू (समय : २० मिनेट)

बहुवैकल्पिक प्रश्नहरू २० × १ = २०

सबै प्रश्नहरू अनिवार्य छन्। सर्वोपयुक्त उत्तरमा रेजा (√) चिन्ह लगाउनुहोस्।

१. तलका स्वर वर्णमध्ये अग्र स्वर कुन हो ?

क. ए ख. उ ग. अ घ. आ

२. लिपि भनेको के हो ?

क. उच्चार्य वर्ण ख. लेख्य चिन्ह ग. देवनागरी लिपि घ. चित्र लिपि

३. अनुकरणात्मक शब्द कुन हो ?

क. नेपाली ख. कुविचार ग. कुपुकुपु घ. माथिका सबै

४. वर्णविन्यास मिलेको शब्द कुन हो ?

क. कर्नाली ख. कर्णालि ग. करनाली घ. कर्णाली

५. पदयोग भनेको के हो ?

क. जोडेर लेख्ने ख. खुट्टो काटेर लेख्ने

ग. छुट्याएर लेख्ने घ. चन्द्रविन्दु लागाएर लेख्ने

६. मूल शब्द कुन हो ?

क. उपकार ख. घर ग. घरेलु घ. आजीवन

७. तलका मध्ये चिकित्सा, शल्य चिकित्सा तथा स्वास्थ्य विज्ञानसम्बन्धी प्राविधिक शब्द कुन कुन हुन् ?

क. सुकुम्बासी, ऐलानी र दोयम ख. नियमापत्ति, मौलिकहक र मिसिल

ग. परिचारिका, प्रसववेदना र पाण्डुरोग घ. वियोगान्त, छन्द र समालोचना

८. प्रत्यय लागेको शब्द कुन हो ?

क. विज्ञान ख. उपकार ग. आजीवन घ. घरेलु

९. वाक्य संश्लेषणको उदाहरण कुन हो ?

क. म धेरै मिहिनेत गरेर रातभरि पढ्दा पनि प्रथम हुन सकिन।

ख. म धेरै पढ्छु। म प्रथम हुन्छु।

ग. म धेरै मिहिनेत गर्छु। म रातभरि पढ्छु। म प्रथम हुन सकिन।

घ. म मिहिनेत गरेर पढ्छु। म प्रथम हुन सकिन

१०. मधुमालतीको कथा कथाको विषयवस्तु के हो ?

क. मधुकरको वायुपङ्खी घोडा र शङ्करको आलु घोडाको वर्णन

ख. गौरी र शङ्करको बिचमा भएको बाल्यकालीन घटनाको स्मरण

ग. मधुकर र मालतीको वर्णन

घ. गौरीकी फुपू र शङ्करको बाबुको वर्णन

११. संस्कृतिको नयाँ यात्रा निबन्धकी निबन्धकार सुधा त्रिपाठीको मुख्य प्रवृत्ति तथा विशेषता कुन हो ?

क. यात्रापरक निबन्ध लेख्नु

ख. हास्यव्यङ्ग्य खालका निबन्ध लेख्नु

ग. नारीले भोग्नु परेका दुःख, पीडा, अन्याय र अत्याचारको यथार्थ चित्रण गरेर लेख्नु

घ. माथिका सबै

१२. पहाडी जीवन निबन्धको मूल आशय के हो ?

क. पहाडका मानिसले झैँ सबैले दुःख गर्नुपर्ने

ख. पहाडी जीवनको वेशभूषा र जीवनशैलीको चित्रण गर्नु

ग. नेपालको पहाडी भेगको सजिव वर्णन

घ. शिक्षाको अभाव भएको क्षेत्रलाई शिक्षित व्यक्तिहरूले कर्मक्षेत्र बनाएर राष्ट्रोत्थानको पथमा हिड्नुपर्ने

१३. नैतिक दृष्टान्त कविताका लेखक कवि शिरोमणि लेखनाथ पौड्यालको जन्म कहिले भएको हो ?

क. वि.सं. १९४१ ख. वि.सं. १८७१ ग. वि.सं. २०४१ घ. वि.सं. २०८१

१४. क्रान्तिकारी कवि गोपालप्रसाद रिमालद्वारा लेखिएको आमाको सपना कविताको विषयवस्तु के हो ?

क. जहानिया राणाशासन र प्रजातन्त्रको झगडा हुनुपर्छ

ख.जहानिया निरङ्कुशताको अन्त्य भई प्रजातन्त्रको आगमनको हुनुपर्छ

ग. देशमा जनतालाई मौलिक हक अधिकारबाट बञ्चित गर्नुपर्छ

घ. मौलिक हक अधिकार नभएको प्रजातन्त्रको आगमनको हुनुपर्छ

१५. बहुला काजीको सपना नाटकको समय कहिलेको हो ?

क. बहुदलकालीन समय ख. पञ्चायतकालीन समय

ग. राणाकालीन समय घ. गणतन्त्रकालीन समय

१६. पाँच भागमा विभक्त बहुलाकाजीको सपना नाटकको पात्र वीरेलाई स्कुल पढाउनुको आशय के हो ?

क. समाजको उत्थानको लागि स्वास्थ्यको प्रचारप्रसार गर्नुपर्ने कुरामा जोड

ख. समाजको उत्थानको लागि बहुलाकाजीले झैँ सपना देख्नुपर्ने कुरामा जोड

ग. समाजको उत्थानको लागि भारी बोकेर जीवनयापन गर्नुपर्ने कुरामा जोड

घ. समाजको उत्थानको लागि शिक्षाको प्रचारप्रसार गर्नुपर्ने कुरामा जोड

१७. कसैको भनाइलाई उद्धरण चिन्ह (“ ”) ले घेरेर राखेको वाक्यलाई के भनिन्छ ?

क. प्रत्यक्ष कथन ख. प्रत्यक्ष र अप्रत्यक्ष कथन

ग. मिश्रित कथन घ. अप्रत्यक्ष कथन

१८. मानुषी कविता कस्तो कविता हो ?

क. महिला र पुरुष एक अर्काका परिपूरक होइनन् भनी लेखिएको विखण्डनवादी कविता

ख. महिला र पुरुष एक अर्काका परिपूरक हुन् भन्ने धारणाबाट लेखिएको समतावदी कविता

ग. पितृसत्ताको सट्टा मातृसत्ता हुनुपर्छ भनी लेखिएको कविता

घ. पितृसत्ता र मातृसत्तामध्ये जुन भए पनि केही फरक पर्दैन भनी लेखिएको कविता

१९. नेपाली कथाको क्षेत्रमा आधुनिक काल भित्र्याउने कथाकार को हुन् ?

क. लक्ष्मीप्रसाद देवकोटा ख. इन्द्रबहादुर राई

ग. गुरुप्रसाद मैनाली घ. विश्वेश्वरप्रसाद कोइराला

२०. लक्ष्मीप्रसाद देवकोटा कस्ता निबन्धकार हुन् ?

क. आत्मपरक र वस्तुपरक दुबै ख. वस्तुपरक

ग. कुनै पनि होइनन् घ. आत्मपर